गैरसरकारी संस्था महासंघ नेपाल
NGO FEDERATION OF NEPAL

# सूचना

विश्वभरि नै महामारीका रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणलाई रोक्न र जोखिम न्यूनीकरणका लागि अत्यावश्यक अवस्थामा बाहेक बाहिर ननिस्कन सरकारले सबैलाइ आह्वान गरेको छ । यस अवस्थामा कोरोना संक्रमणको जोखिम कम गर्न, सरकारको निर्देशन पालना गर्न तथा जनसम्पर्क र सामिप्यता कम गरी सम्भावित जोखिमबाट बच्न र बचाउन गैसस महासंघ नेपाल गम्भीर र तत्पर छ । यस सन्दर्भमा यस महासंघका केन्द्र, प्रदेश र जिल्ला कार्यालयको सञ्चालन गर्न पदाधिकारी र कर्मचारी सबैका लागि अर्को सूचना जारी नभएसम्मका लागि घरैबाट काम गर्न अनुरोध गरिएको छ । टेलिफोन र इन्टरनेटको प्रयोग गर्दै अत्यावश्यक कामलाई निरन्तरता दिईने छ । जरुरी काम भएमा यस महासंघको इमेलमा सम्पर्क गर्न वा माबाईलमा सम्पर्क गर्न अनुरोध छ ।

पुनश्च, हामी नेपाली मात्र नभई विश्व नै एक जटिल परिस्थितिबाट गुज्रिरहेको हुँदा कोरोना भाइरसको महामारी नियन्त्रणका लागि सरकार र नियामक निकायका निर्देशनको पालना गर्न, हल्लाको पछि नलागी धैर्य रहन, भीडभाडबाट टाढा रहन, सरसफाईमा ध्यान दिन, र अत्यावश्यक वस्तु तथा सेवाको आपुर्ति सहज बनाउन सहयोग पुर्याउन सबैलाई आह्वान गर्दछौं ।

मिति २०७६।१२।९ गते

राम प्रसाद सुवेदी
महासचिव

जितराम लामा
अध्यक्ष

(A National Federation of NGOs in Nepal)
P.O.Box 7768, New Baneshwor, Buddhanagar, Kathmandu
■ Phone: 977-1-4782908, 4781368; Fax: 977-1-4780559,
E-mail: info@ngofederation.org ■ Website: www.ngofederation.org